# चामुण्डाबिन्द्रासैनी नगरपालिका
# जम्बुकाँध, दैलेख
# नीति तथा कार्यक्रम-०७९/०८०

**"दिगो विकासका लागि पुर्वाधार, कृषि, स्वास्थ्य, शिक्षा र रोजगार"**
**"समृद्ध चामुण्डाबिन्द्रासैनी नगर निर्माणको मूल आधार"**

**प्रमुख अतिथि ज्यू**
**तथा यस गरिमामय नगरसभाका सदस्यहरु,**

चामुण्डाविन्द्रासैनी नगरपालिकाको बृहत्तर हित र उन्नतीका साथै आर्थिक समृद्धि र सामाजिक सुव्यवस्थाको खातिर आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवान्वित महुशुस गरेको छु । यसै सन्दर्भमा राष्ट्रियता लोकतन्त्र र समाजवाद र संघीय लोकतान्त्रिक गणतन्त्रका निम्ति इतिहासको विभिन्न कालखण्डमा सहादत प्राप्त गर्नुहुने ज्ञातअज्ञात शहीदहरुप्रति हार्दिक श्रर्दासुमन अर्पण गर्दछु । साथै विभिन्न आन्दोलन र जनआन्दोलनको कममा घाइते तथा बेपत्ता हुनुभएका योद्धाहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान बमोजिम तीन तहका सरकारहरु मध्ये स्थानीय सरकार नै सर्वसाधारण नागरिकहरुको सहज पहुँच रहेको वास्तविक सरकार हो ।

भर्खरै सम्पन्न स्थानीय तह निर्वाचन मार्फत व्यक्त भएको जनभावनाबाट हामी सबै यस गरिमामय सभामा आइपुक्दा हाम्रो सामु अनेकौ अवसर तथा चुनौतीहरु रहेका छन । जनभावनाको उच्चतम कदर गर्दै यस चामुण्डाविन्द्रासनी नगरपालिकामा हामीले शान्ति, समृद्धि, सुशासन, पारदर्शिता, सदाचार र अमनचयन कायम गर्दै समग्र नगरबासीहरुको ओठमा मुस्कान छर्नु छ । हामी हाम्रो पाँच वर्षे कार्यकालको सुनौलो बिहानीमा प्रवेश गरेका छौं । यस सुवर्ण अवसरको भरपुर सदुपयोग गर्दै सिमित स्रोत साधान र निश्चित समयावधि भित्रै हामीले समग्र नगरबासी जनसमुदायका इच्छा आकांक्षा र चाहानालाई संबोधन गरेर सन्तुष्ट पार्नुछ । विश्व मानव समुदाय आज उत्तर आधुनिक चरम भौतिक विकासको उपभोग गर्ने क्रममा छ । हाम्रो सामु यस्तो उत्तरआधुनिक विकासले अझै प्रवेश पाएको छैन । हामी आज पनि जनताका न्यूनतम् आधारभूत आवश्यकता र सामान्य विकासका पूर्वाधार निर्माणकै चरणमा छौं । भर्खरै मात्र विश्व भर महामारीको रुपमा फैलिएको कोभिड १९ को प्रभाव पछिल्लो समय अन्तर्राष्ट्रिय क्षेत्रमा निश्तेज हुनै गएको छ भने हामी कहाँ प्रभाव शून्य देखिएको छ ।

यस प्रकारको जजर अवस्थामा समेत हामी संग नत डाक्टर छन नत अस्पताल छन एउटा साधारण एक्सरे र भिडियो एक्सरे सेवा लिन समेत जिल्ला तथा छिमेकी जिल्ला सम्म धाउनु पर्ने बाध्यता रहेको छ । यसका अतिरिक्त दाल,चामल,तेल,चिनी तथा तरकारी जस्ता अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरुका साथै शुद्ध पिउने पानी समेतमा हामी परनिर्भर छौं । यि र यस्तै विषय वस्तुहरु नै तपाई हाम्रा चुनौति र हामीले सम्बोधन गर्ने पर्ने जनताका आवश्यकता हुन । जनताका सेवा गर्दा अर्थात समस्याको समाधान गर्दा अपनाउनु पर्ने झन्झटिलो प्रक्रिया आर्थिक भौतिक तथा मानव स्रोत साधानको अभाव तथा परिचालन थप चुनौतिका रुपमा देखा पर्दछ । यिनै चुनौतिको बावजुद तपाई हामीले दुर्गम गाउँ बस्तिको चामुण्डाबिन्द्रासैनी नगरपालिका र नगरबासीको निम्ति आगामी पाँच वर्ष भित्रमा स्रोत साधान र सुविधाले भरिपुर्ण सुन्दर नगरको रुपमा रुपान्तरण गर्नुपर्ने छ । यसका निमित्त हामीले प्रण गरेर आएका छौं । ढिलो नगरीकन समृद्ध चामुण्डाबिन्द्रासैनीको सपनालाई पुरा गर्न तपाई हामी

सबै जना व्यक्तिगत तथा दलगत स्वार्थबाट माथि उठेर जनसेवामा समर्पित भइ लाग्नेछौं भन्ने पूर्ण भरोसाका साथ आगामी आ.अ.२०७९/०८० को निति तथा कार्यक्रम यस गरीमामय सभामा पेश गर्दछु ।

**यस चामुण्डाबिन्द्रासैनी नगरपालिकाले आ.व. ०७९/०८० मा अवलम्वन गर्ने मूल नीतिहरु** :

१. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने तथा उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्ने योजना तथा कार्यक्रम सञ्चालन गरिने छ ।

२. नेपालको संविधानको अनुसूची ८ मा उल्लेख भएका स्थानीय तहको एकल अधिकारलाई कार्यान्वयन गर्न आवश्यक कानुनी व्यवस्था मिलाइने छ ।

३. उत्पादन र उत्पादकत्व वृद्धि पूर्वाधार निर्माण, खानेपानी तथा विद्युतमा पँहुच, मानव पुंजी निर्माण र रोजगारी सिर्जना, दिगो विकास र पर्यावरणीय सन्तुलन र सुशासनलाई प्राथमिकतामा राखिने छ ।

४. दिगो विकासका लक्ष्यलाई टेवा पुऱ्याउने खालमा योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखि आगामी वर्षको बजेट विनियोजन गरिने छ

५. स्थानीय स्रोत साधन र सीपको अधिकतम उपयोग गर्ने नीति लिइने छ ।

६. ६० वर्ष देखि ६७ वर्ष उमेर समूहका नागरिकहरु सरकारको तर्फबाट सञ्चालन हुने रोजगारमुलक कार्यक्रममा सहभागी हुन नपाइने र सामाजिक सुरक्षा भत्ता पनि नपाउने भएकोले सरकारको तर्फबाट पाएको कुनैपनि सुविधामा दोहोरो नहुने गरि यस उमेर समुहका नागरिहरुको लागि **"नगर प्रमुख नागरिक सुरक्षा कार्यक्रम"** मार्फत सुविधा उपलब्ध गराइने छ । यो कार्यक्रम कार्यविधि निर्माण गरि कार्यान्वयन गरिने छ ।

७. नगरपालिकामा स्थायी रुपमा बसोबास भएका र आमा बाबु गुमाएका, आमा बाबु मध्ये कुनै एक नभएका र अरुको सहारामा बाँचिरहेका सहाराविहिन बालबालिकाहरुलाई सहयोग हुने गरि **"वेसहारासँग नगरप्रमुख"** कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिने छ ।

८. संविधानले स्थानीय तहमा हस्तान्तरण गरेको अधिकारको सूची भित्र रहि वार्षिक, मध्यकालिन, आवधिक र दीर्घकालिन योजना बनाइ कार्यक्रम कार्यान्वयन गर्ने नीति लिइने छ ।

९. समाबेशी र सहभागितामुलक योजना तर्जुमा पद्धतिको अवलम्वन गर्दै प्राथमिकता प्राप्त योजना तथा कार्यक्रमहरु छनौट र कार्यान्वयनमा जनताको अधिकतम सहभागिताको नीति लिइने छ ,साथै सुशासन, पारदर्शिता जवाफदेहिता र उत्तरदायी शासन प्रणाली र भ्रष्टाचार मुक्त समाज निर्माण गर्ने नीति लिईने छ ।

१०. नागरिकलाई उधमशिल र सीपमुलक बनाइ रोजगारीको अधिकतम अवसर सिर्जना गरि गरिबी न्यूनीकरण गर्ने नीति लिईने छ ।

११. सरकारी निजि क्षेत्र, गैरसरकारी तथा सहकारी क्षेत्रको क्षमता र विषय विज्ञतालाई अधिकतम उपयोग गरि सहकार्य र साँझेदारीमा काम गर्ने नीति लिईने छ ।

१२. नगरपालिकावाट सञ्चालन गरिने कार्यक्रम जनताका लागि जनताकै घर दैलोमा देख्न, सुन्न, हेर्न र अनुभव गर्न सक्ने गरि संचालनमा ल्याइने छ ।

१३. नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग तथा व्यवसायलाई दर्ता गर्न अनिवार्य गरिनेछ ।

१४. व्यवसाय दर्ता, नविकरण तथा कर संकलनको लागि घरदैलो कार्यक्रम सञ्चालन गरिने छ ।

१५. नगरपालिका क्षेत्र भित्रको महत्वपूर्ण पर्यटकीय स्थानहरुको पहिचान गरि तिनिहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गरिने छ ।

१६. युवाहरुमा सकरात्मक सोचको विकास गरि स्थानीय स्तरमा सम्भावना र अवसर प्रति आकर्षित गरिने छ ।

१७. नगरपालिकामा भएका बजार क्षेत्रमा फोहोरलाई वर्गिकरण र खण्डीकरण गर्न अनिवार्य गरिने छ । वर्गिकरण गरिएको फोहोरलाई छुट्टा छुट्टै संकलन गर्ने व्यवस्था मिलाइने छ ।

१८. सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी गराउन नगरपालिका तथा वडा कार्यालयमा आवश्यक Software जडान गरिने छ ।

१९. नागरिक सन्तुष्टिको सर्वेक्षण गरि प्राप्त सुझावका आधारमा सेवा प्रवाहमा सुधार गर्दै लगिने छ ।

२०. कृषिलाई आयमुलक, आधुनिक र मर्यादित पेसा तथा उत्पादनशिल व्यवसायको रुपमा विकास गरिने छ । महिला तथा अर्ध बेरोजगार र वैदेशिक रोजगारवाट फर्केका युवालाई कृषि व्यवसायमा आकर्षित गरिने छ ।

२१. वास्तविक कृषकलाई सहज ढंगले उत्पादनमा अनुदान उपलब्ध गराउने नीति लिइने छ ।

२२. सार्वजनिक वन क्षेत्र, सडक र राजमार्गको किनारमा निगाला, बाँस, सियाली, अजम्वरी, केतुकी तथा स्थानीय स्तरमा पाइने फलफूलका विरुवहरु रोप्ने र संरक्षण गर्ने कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

२३. निजि बाँझो जग्गा खेतको काल्ला र आली समेतमा दलहन, तरकारी र अन्य स्थानीय विरुवा लगाउन कृषकलाई प्रोत्साहन गरिने छ ।

२४. कृषि योग्य भूमिको माटो परीक्षण शिविर सञ्चालन गरि माटो उपचारको साथै माटोको प्रकार अनुसार बाली लगाउन कृषकलाई प्राविधिक सेवा उपलब्ध गराइने छ ।

२५. कृषि उत्पादकत्वको वृद्धि गर्न व्यवसायिक तरिकाले अगाडि बढ्ने कृषकलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिने छ ।

२६. कृषि उपजको संकलन तथा वजार व्यवस्थापनमा निज क्षेत्रलाई प्रोत्साहन गरिने छ ।

२७. नगरपालिका भित्रका सहकारीको क्षमता विकास गरि स्थानीय उत्पादनमा वृद्धि तथा रोजगारी सिर्जना गर्ने नीति लिइने छ ।

२८. राजश्वको दायरा बढाइ नगरपालिकाको आन्तरिक आम्दानी वृद्धि गरिने छ र यसको लागि प्रगतिशिल कर प्रणाली अबलम्वन गरिने छ ।

**प्रमुख अतिथि ज्यू तथा नगरसभाका सदस्यहरु**

**अव म विषयगत क्षेत्रका नीति तथा कार्यक्रहरु प्रस्तुत गर्न गइरहेको छु**

**आर्थिक विकास**

**कृषि क्षेत्र, पशुपंक्षी, उद्योग, पर्यटन, वित्तियक्षेत्र तथा सहकारी क्षेत्रमा आ.व.०७९/०८० अबलम्वन गरिने नीतिहरु**

१. कृषि तथा पशुपालको क्षेत्रमा **"एक वडा एक उत्पादन विशेष"** कार्यक्रम तर्जुमा गरि कृषिमा आधुनिकीकरण, व्यवसायिकरण र यान्त्रिकीकरण गरिने छ।

२. कृषि तथा पशुपन्छी पालन समूह तथा सहकारीहरुलाई प्रतिस्पर्धाको आधारमा अनुदान रकम उपलब्ध गराइने छ।

३. आयमा आधारित नगदेबाली तथा पशुपन्छी पालन कार्यक्रमलाई विशेष प्रोत्साहन दिइने छ जस अर्न्तगत मसला खेती फलफुल खेती दलहन तेलहन खेती स्थानीय जातको कुखुरा पालन भैसी पालन एवं घाँस उत्पादनलाई विशेष प्राथामिकता दिइने छ।

४. कृषकहरुलाई आवश्यकताको आधारमा उचित तालिमको व्यवस्था गरिने छ।

५. कृषि पशुपन्छी तथा अन्य विविध सीप प्रविधि र कला कौशलमा आधारित रहि घरेलु साना तथा लघु उद्योग स्थापना को नीति लिइने छ।

६. परम्परागत सीप तथा कला कौशललाई आधुनिकीकरण र व्यवसायिककरण गर्दै युवा पुस्तालाई सो क्षेत्रमा आकर्षित गरि स्वरोजगार तुल्याउने नीति लिइने छ।

७. युवा शक्तिलाई श्रमप्रति सकरात्मक भावना जगाइ उत्पादन मुलक क्षेत्रमा संलग्न गरि युवा शक्तिको अधिकतम सदुपयोग गरिने छ।

८. **"एक युवा अनेक उद्यम"** को नारा लिइ प्रत्येक युवाहरुलाई कुनै न कुनै उद्यम व्यवसायमा संलग्न गराइने छ। साथै उद्यामी नागरिक उद्यमशिल नगर को पहिचान दिलाइने छ।

९. पर्यटन उत्पादन तथा सिर्जनशिल क्षेत्रमा युवा व्यवसायीहरुलाई आकर्षित गर्दै प्रतिफल र उत्कृष्टताको आधारमा अनुदान तथा प्रोत्साहनको व्यवस्था मिलाइने छ।

१०. नगरपालिकालाई नियमित र अधिकतम राजश्व तिर्ने करदाताहरु मध्येबाट छनौट गरि पुरुस्कृत गर्ने व्यवस्था मिलाइने छ।

११. राजश्वको दायरा बढाइ नगरपालिकालाई आत्मनिर्भता तर्फ उन्मुख गराइने छ। कृषि संकलन प्रशोधन तथा बिक्री वितरण केन्द्रको छुट्टाछुट्टै स्थापना गरि व्यवस्थित र व्यवसायिक ढंगबाट सञ्चालन गरिनेछ।

१२. स्थानीय स्तरमा प्रयाप्त मात्रमा उत्पादन हुने वस्तुहरु निर्यात गर्ने र यस्ता वस्तुहरुको बाहिरबाट हुने आयातलाई दुरुत्साहनको नीति लिइने छ।

१३. कृषिजन्य वस्तुको उत्पादन वृद्धि गरि कृषिजन्य वस्तुमा आधारित उद्योगहरु स्थापना गर्न किसानहरुलाई **"साँझेदारीमा आधारित अनुदान कार्यक्रम"** मार्फत अनुदान उपलब्ध गराइने।

१४. नगर क्षेत्र भित्र रहेका विभिन्न खनिज पदार्थहरुको खानी सञ्चालन को संम्भाव्यता अध्ययन गर्न आवश्यक पहल गरिनेछ।

१५. मापदण्ड अनुसारको पशुबधशालाको व्यवस्था गरि पर्यावरणीय अनुकुलता वा सन्तुलन कायम गर्ने नीति लिइने छ।

१६. फलफुल जडीबुटी तथा अन्य विविध खाले बोट विरुवाहरु एकै ठाँउबाट उपलब्ध गराउन हाइटेक नर्सरीको स्थापना र सेवा प्रदान गरिने छ।

१७. व्यवस्थित र सुविधा सम्पन्न डेरी तथा डेरी जन्य उद्योगको स्थापना गरि सेवा प्रदान गरिनेछ।

१८. सहकारीलाई आर्थिक विकास र गरिबी निवारणका लागि उद्यमशिलता, उत्पादन र रोजगारीसँग आवद्ध गरिने छ। वास्तविक किसानसम्म पुग्ने गरि कृषि क्षेत्रका योजना तथा कार्यक्रम सञ्चालन गरिने छ।

१९. नेपालको अर्थतन्त्रको मेरुदण्ड कृषि हो, तर कृषि पेशा व्यवसायीकरण नहुँदा कृषि व्यवसाय प्रति किसानहरुको भरोसा बढ्न सकेको छैन। त्यसैले कृषि व्यवसायलाई आयआर्जनको भरपर्दो माध्यम बनाउन कृषिजन्य पूर्वाधारहरु निर्माण गरि स्वरोजगारको सिर्जना गरि देशको अर्थतन्त्रलाई टेवा पुऱ्याउने कार्यक्रम सञ्चालन गरिने छ ।

२०. प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमले केहि हदसम्म भए पनि रोजगारीको अवसर सिर्जना गरेको छ । नगरपालिकाबाट सञ्चालन गरिने विकास निर्माणका कार्यहरुमा पनि अधिकतम रुपमा मानिसहरुको प्रयोग गरि निर्माण गर्ने नीति अवलम्वन गरिने छ। जसको कारण स्थानीय स्तरमै रोजगारी सिर्जना भई गरिबी निवारण गर्न सहयोग पुग्ने छ।

२१. भू-उपयोग नीति अवलम्बन गर्दै नगरपालिका क्षेत्रमा भएको सम्पूर्ण निजी तथा सरकारी जग्गा उपयोगमा ल्याउन रणनीतिक योजना तयार गरिने छ।

२२. स्वरोजगार मार्फत व्यक्तिको आयआर्जन क्षमता वृद्धि गरि गरिबी न्यूनीकरण गर्न सीप विकासलाई लघु उद्यमसँग जोड्ने खालका आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।

२३. कृषि जन्य उत्पादन वृद्धि गरि कृषि जन्य वस्तुको आयातलाई प्रतिस्थापन गरि निर्यातलाई प्रवर्द्धन गर्न कृषि जन्य वस्तु उत्पादन गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ। यसको लागि आयात र निर्यातको तथ्यांक संकलन गरि वस्तुगत तरिकाले विश्लेषण गरि अध्यावधिक गर्दै लगिने छ।

२४. नेपाल सरकारबाट यस नगरपालिकाको वडा नं. ६ लैनचौरमा औद्योगिक ग्राम स्थापनाको लागि स्वीकृति भइ सकेकोले औद्योगिक ग्राम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरि प्रकृया अगाडि बढाइने छ।

२५. पर्यटनलाई जनताको आर्थिक क्रियाकलापसँग एकाकार गर्न पर्यटनका आधारहरु स्थानीय पथ प्रदर्शक लगायतका अन्य तालिम सञ्चालन र होमस्टे व्यवसायलाई प्रबर्द्धन गरिनेछ।

२६. नगर क्षेत्रका धार्मिक, ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक, पुरातात्विक एवं जैविक सम्पदाहरुको प्रचार प्रसार, संरक्षण, सम्बर्द्धन, प्रबर्द्धनमा जोड दिइनेछ।

२७. नगरपालिका स्थित ऐतिहासिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, रितिरिवाज र परम्परालाई संरक्षण गरि सभ्य समाजको निर्माण गर्दै नगरपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा अगाडि बढाइने छ।

२८. पर्यटन क्षेत्रलाई अर्थतन्त्रको आधारको रुपमा विकास गर्दै यस नगरपालिकाका विभिन्न स्थानमा नगरपार्कहरु, उद्यानहरु, विशेष खालका खेल मैदानहरु लगायतका कार्यहरुको निर्माण गर्ने र यस नगरमा रहेका प्राकृतिक रुपमा प्राप्त पर्यटनको क्षेत्रमा विशेष योगदान पुऱ्याउने खालका गुफा जलगुफा जस्ता स्थलहरु, सँस्कृति, कला, लोकगाथा लगायत धार्मिक क्षेत्रहरु जस्तै चामुण्डामाईको मन्दिर, विन्द्रासैनीमाई मन्दिर र अन्य मन्दिरहरुको लगत संकलन गरि परिचय लेखन तथा गुरुयोजना बनाउने तथा यस नगरपालिकाको धार्मिक र ऐतिहासिक दृष्टिकोणले महत्व राख्ने मठ मन्दिरमा पदमार्ग निर्माण गरिने छ।

२९. धर्म, संस्कृति, परम्परा, रितिरिवाज र परम्परागत जीवनशैलीको संरक्षण र सम्बर्द्धनको लागि पारिवारिक तथा शैक्षिक संस्थामा संग्राहलय स्थापना गरि पर्यटन विकासमा सहयोग गरिने छ र यसको लागि आवश्यक बजेट विनियोजन गरिने छ।

३०. नगरका मुख्य तथा शाखा सडकहरुमा निर्माण हुने भवनहरुको अनिवार्य इजाजत लिनुपर्ने व्यवस्थालाई निरन्तरता दिइने छ।

३१. मालपोत दस्तुर संकलनमा वृद्धि गर्न निश्चित समयभित्र मालपोत बुझाउने करदाता लाई निश्चित प्रतिशत कर छुट सहित टोल टोलमा राजश्व संकलन शिविर सञ्चालन गरिनेछ।

३२. नगर बस सेवालाई थप व्यवस्थित रुपमा निरन्तर सञ्चालन गरिनेछ।

३३. यस नगरपालिका क्षेत्रभित्र रहेका धार्मिक ऐतिहासिक तथा पर्यटकीय महत्वका स्थलहरुलाई थप व्यवस्थित गरि प्रवेश शुल्क निर्धारण गरि लागु गरिनेछ ।

३४. यस नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिहरुलाई प्रचलित कानून बमोजिम करको दायरामा ल्याइनेछ ।

३५. खाद्यान्न बाली, तरकारी खेती, फलफूल खेती, माछापालन, मौरीपालन, च्याउ खेती पशुपक्षींपालन लगाएत कृषिजन्य उत्पादनका सबै आयामहरुलाई व्यवसायीकरण गरिने छ, कृषि उत्पादनमा वृद्धि गर्न कृषकहरुको क्षमता विकास गरिने छ र कृषि तथा पशु विमा लागायतका जोखिम न्यूनीकरणका नीति अवलम्बन गरिने छ ।

३६. नगरपालिकाको स्रोतलाई वृद्धि गरि नगरपालिकाले लिएको नीति अनुसारका कार्यक्रमहरु गर्न ऋण नीति तयार गरि लागु गरिने छ ।

३७. नेपाल सरकार वा प्रदेश सरकारसँगको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा योजना सञ्चालन तथा व्यवस्थापन गर्ने नीति अवलम्बन गरिने छ ।

३८. गरिबी निवारण कोषद्धारा प्रवर्द्धित समुदायिक संस्थाहरुले परिचालन गरेको घुम्ती कोषलाई बीउपुँजीको रुपमा प्रयोग गरि स्थानीय स्तरमा आर्थिक गतिविधीहरु सञ्चालन गर्न यी संस्थाहरुलाई सहकारी प्रणालीमा रुपान्तरण गरि स्थानीय रोजगारीको सिर्जना गरिनेछ ।

३९. विभिन्न कार्यक्रम तथा आयोजनाहरु मार्फत समुदाय स्तरका समूहहरुलाई उपलब्ध गराएको पुँजी रकम र समूहहरुले गरेको बचत रकमको लगत अद्यावधिक गरि सो रकम रोजगारी सिर्जना, आयआर्जन र उत्पादनमुलक कार्यमा परिचालन गरिनेछ ।

४०. यस नगरपालिकाबाट कृषि तथा पशुपालनको क्षेत्रमा दिइदै आएको अनुदानलाई उत्पादनसँग जोड्न किसानहरुले गरेको उत्पादनको आधारमा प्राथमिकता तोकी अनुदान लगाएत अन्य सेवासुविधा उपलब्ध गराउने व्यवस्था मिलाइने छ । गरिबीको न्यूनीकरण र रोजगारीको सिर्जना गर्ने उद्देश्यले समूहगत रुपमा उपस्थित युवाहरुको इच्छा अनुसारको सीपमूलक तालिम सञ्चालन गरिनेछ ।

४१. साना सिंचाइ कार्यक्रम तय गरि किसानहरुलाई सिंचाइको सुविधा उपलब्ध गराइने छ ।

४२. आयआर्जनमा टेवा पुर्‍याउन किसानहरुलाई कुखुरा, बाखा, भैसीं, बंगुर र सोलार वितरण गरिने छ ।

४३. यस नगरपालिकाको उत्तरी क्षेत्रलाई ओखर क्षेत्र स्थापना गर्न सम्भाव्यता अध्ययन गरिने छ ।

४४. यस नगरपालिका अन्तरर्गत विभिन्न खेतीयोग्य जमिनको माटो परीक्षण गरि उपयुक्त खेती गर्न कृषकहरुलाई उत्प्रेरणा प्रदान गरिने छ ।

४५. नागरिकहरुलाई सुपथ मूल्यमा गुणस्तरीय उपभोग्य वस्तु उपलब्ध गराउन खाद्यडिपो तथा सहकारी पसल संचालन गरिने छ ।

४६. यस नगरपालिकामा संचालनमा रहेको गरिबी निबारणका लागि लघुउद्यम विकास कार्यक्रमबाट विभिन्न सीपमुलक तालिम लिइएका सम्भाव्य लघुउद्यमीहरुलाई उद्यम संचालन तथा व्यवस्थापनका लागि आवश्यक प्रविधि उपलब्ध गराउन कृषि तथा पशुसेवा शाखासँग समन्वय गरिने छ ।

**सामाजिक विकास**

**शिक्षा, स्वास्थ्य, खानेपानी, संस्कृति प्रवर्द्धन, खेलकुद, लैंगिक समानता तथा सामाजिक समावेशी करण तफ आ.व.०७९/०८० मा अवलम्वन गरिने नीतिहरु :**

१. नगर सांस्कृतिक गुरुयोजान निर्माण गरि, कलासंस्कृतिको संरक्षण गरिने छ ।
२. जेष्ठ नागरिक, दलित, महिला, वालवालिका अपाङ्ग, अल्पसंख्यक तथा पिछडिएको वर्गको हित उत्थानको निम्ति स्थानीय समावेशी कार्यदल गठन गरि राहत तथा समतामूलक अवसरका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
३. अनाथ बालवालिकाहरुको पहिचान गरिआवश्यक राहत सहयोग गरिने नीति लिइने छ ।
४. एम्बुलेन्स सेवा र शववाहन सेवा २४ घण्टा सञ्चालन गरिने छ ।
५. छाउपडी प्रथा, जातीय छुवाछुत, वालविवाह , बहुविवाह, घरेलु हिंसा जस्ता सामाजिक विकृति विरुद्ध विशेष अभियान सञ्चालन गरिनुका साथै कानून कार्यान्वयनमा कडाइ र तदारुकताका साथ अगाडि बढाइने छ ।
६. सम्पूर्ण नगरवासी नागरिकहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा समावेशको व्यवस्था मिलाईनुका साथै सुपथ र सर्वसुलभ एवम् गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिने छ ।
७. सतप्रतिशत गर्भवती महिलाहरुलाई सुरक्षित सुत्केरी सेवा तथा मातृशिशु सेवा प्रदान गरिने छ ।
८. पोषण तथा मातृशिशु कार्यक्रममा उपचारात्मक प्रवर्द्धनात्मक र प्रतिकारात्मक सेवालाई प्रभावकारी बनाइने छ ।
९. वडा नं. १ र २ को बीचमा यसै आ.व. २०७९/०८० मा बर्थिङ सेन्टर सञ्चालन गरिने छ ।
१०. विद्यालयहरुमा दरबन्दी विहीनताको अवस्था अन्त्य गरिने छ ।
११. हरेक कक्षा कोठालाई बालमैत्री कक्षा कोठामा रुपान्तरण गरिने छ ।
१२. शैक्षिक क्षेत्रमा पूर्वाधार विकास कोषको स्थापना गरि आगामी ३ वर्षमा पूर्वाधार सम्पन्न विद्यालयहरु बनाइने छ ।
१३. शिक्षक तथा कर्मचारीहरुलाई कार्यसम्पादन मूल्याङ्कनको आधारमा प्रोत्साहन तथा दण्ड जरिवानाको नीति अवलम्वन गरिने छ ।
१४. स्वयम सेवक शिक्षकहरुको व्यवस्था गरिने छ ।
१५. आवश्यकताको आधारमा थप विद्यालय खोल्ने र समायोजन गर्ने साथै दरबन्दी मिलान गरिने छ ।
१६. समय सुहाउँदो, रोजगारमूलक शिक्षा प्रदान गर्न प्राविधिक तथा व्यवसायिक शिक्षालयको स्थापना गरिने छ ।
१७. एक वडा एक नमूना विद्यालयको अवधारणा कार्यान्वयन गरिनुका साथै सर्वोत्कृष्ट प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र विद्यालय घोषणा गरि पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ ।
१८. हरेक माध्यमिक विद्यालयहरुमा प्राथमिक स्वाथ्यकर्मीको व्यवस्था गरिने छ ।
१९. हरेक माध्यमिक विद्यालयहरुमा खेलकुद क्लवहरुको स्थापना र आवश्यक बन्दोबस्ती गरिने छ ।
२०. जेष्ठ नागरिक, सुत्केरी, अशक्त, अपाङ्गहरुको निम्ति प्रभावकारी रुपमा घरदैलो स्वास्थ्य सेवा प्रदान गरिने छ ।
२१. गर्भवती महिलाहरुलाई टेलिमिडिसिन सेवा मार्फत घरमै गएर स्वास्थ्य परीक्षण गरिने छ ।
२२. हरेक आधारभूत स्वास्थ्य सेवाकेन्द्र तथा स्वास्थ्य चौकीहरुलाई पूर्वाधार सम्पन्न बनाइनुका साथै आवश्यक स्रोत साधनयुक्त बनाइने छ ।
२३. हरेक वार्डमा एक एक वटा बाल उद्यानको व्यवस्था गरिने छ ।

२४. नगरको एक मात्र क्याम्पस चामुण्डा कलेजलाई थप व्यवस्थित र पूर्वाधार सम्पन्न बनाइनुका साथै बी. एस्सी. एजी. सञ्चालनका लागि आवश्यक पहल गरिने छ ।

२५. नगर क्षेत्र भित्र शान्ति सुव्यवस्थालाई चुस्त दुरुस्त बनाइनुका साथै चामुण्डा क्षेत्रको देउरालीमा प्रहरी चौकी स्थापनाको लागि पहल गरिने छ ।

२६. विन्द्रासनी अस्पताललाई नगरकै गौरवको अस्पतालमा रुपान्तरण गरि आवश्यक स्वास्थ्य उपकरण र दक्ष जनशक्तिको व्यवस्था गरि सुविधा सम्पन्न बानाइने छ ।

२७. नगर भित्र रहेका सम्पूर्ण खेलाडीहरुको विकासका लागि नगर खेलकुद विकास समितिलाई सक्रिय बनाउदै खेलाडीहरुलाई खेल उन्मुख बनाउने व्यवस्था मिलाइने छ ।

२८. वन संरक्षणको क्षेत्रमा गुरुयोजना बनाई लोपोन्मुख वनस्पति संरक्षण तथा वृक्षारोपण अभियानकै रुपमा लागु गरि हरियाली प्रबर्द्धन गर्ने व्यवस्था मिलाइने छ ।

२९. सबै वडाहरुमा मेलमिलाप केन्द्रको स्थापना गरि वडास्तरमा भएका वादविवादलाई सम्बन्धित मेलमिलाप केन्द्रबाटै मिलाउने व्यवस्था मिलाइने छ, साथै तालिम प्राप्त मेलमिलापकर्ताको व्यवस्था गरिने छ ।

३०. नगर क्षेत्र भित्रको सार्वजनिक तथा ऐलानी जग्गाको स्पष्ट तथ्याङ्क लिइ उचित व्यवस्थापन गरिने छ ।

३१. विभिन्न सामाजिक संघसंस्थाहरुसँग मिलेर सामाजिक विकासको क्षेत्रमा सरकारी तथा गैर सरकारी लगानी भित्र्याउँदै समन्वयात्मक विकासको अवधारणालाई अगाडि बढाइने छ ।

३२. विभिन्न सरकारी, गैर सरकारी संस्था तथा दातृ निकायहरुसँग समन्वय कायम गर्दै एकद्धार प्रणाली मार्फत कुनै पनि कार्यक्रम नदोहोरिने र नछुटिने व्यवस्था गर्न नगरपालिकामा एक छुट्टै हेल्प डेस्कको स्थापना गरि व्यवस्थीत गरिने छ ।

३३. यूवाहरुलाई विभिन्न किसिमका रोजगारमूलक सीपमा आधारित छोटो र लामो तथा मध्यम अवधिको व्यवसायिक तालिम प्रदान गरिने छ ।

३४. सामुदायिक विद्यालयबाट नगरस्तरीय परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यार्थी (१ छात्र र १ छात्रा) र शिक्षाको गुणस्तर सुधारमा विषेश योगदान दिने प्रधानाध्यापक १ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष १ जना, शिक्षक अभिभावक संघ अध्यक्ष १ जनालाई प्रोत्साहन तथा पुरुस्कार वितरण गरिने छ ।

३५. विद्यालयको स्थलगत अनुगमन गरि भौतिक पुर्वधारको अभाव भएका विद्यालयहरुको आवश्यक भौतिक पूर्वाधार निर्माणमा जोड दिइने छ , साथै सोही आधारमा अन्य अनुदानहरु वितरण गरिने छ ।

३६. विद्यालयस्तरको परीक्षा तथा मूल्याङ्कन स्तरीकृत बनाउनको लागि परीक्षा प्रणालीलाई व्यवस्थित तथा मर्यादित बनाइने छ

३७. हाल निर्माणाधीन अवस्थामा रहेको विन्द्रासैनी १५ शैयाको अस्पतालको निर्माण कार्य तोकिएकै अवधिमा सम्पन्न गरिने छ र अस्पतालमा आवश्यक जनशक्ति व्यवस्थापन गरि सेवा सुचारु गरिने छ ।

३८. स्वास्थ्य सेवाको प्रभावकारिता वृद्धि गर्न पूर्वाधार विकास, स्वास्थ्य उपकरणको व्यवस्था तथा स्वास्थ्य संस्थालाई प्रविधिमैत्री बनाइनेछ ।

३९. स्वास्थ्य संस्थामार्फत प्रवाह हुने सेवाको गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

४०. आपत्कालीन स्वास्थ्य अवस्था तथा अन्य सरुवा रोग एवं महामारी नियन्त्रणका लागि बहुपक्षीय सहकार्य गरि यसका असरको न्यूनीकरण र सेवामा निरन्तरता प्रदान गरिनेछ ।

४१. नगरबासीको पोषण अवस्थामा दिगो सुधार गर्न स्थानीयस्तरमा उत्पादन हुने स्वास्थ्यवर्धक रैथाने खाद्यवस्तुको प्रयोग र पहुँचलाई विस्तार गरिनेछ ।

४२. एकिकृत सिघ्र कुपोषण व्यवस्थापन कार्यक्रम अन्तर्गत विन्द्रासैनी स्वास्थ्यचौकीमा स्थापना गरिएको वहिरंग उपचार केन्द्र (OTC) लाई निरन्तरता दिदै आगामी आ.व.०७९/०८० देखि चामुण्डा स्वास्थ्य चौकीबाट पनि एकिकृत सिघ्र कुपोषण व्यवस्थापन कार्यक्रम संचालनको लागि OTC केन्द्र स्थापना गरिने छ र क्रमशः सबै वडाबाट यो सेवा उपलब्ध गराउन आवश्यक पहल गर्दै लगिने छ ।

४३. नगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको क्षमता विकास गरि स्वास्थ्य सेवामा जोड दिदै स्वास्थ्य सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउँदै लगिने छ ।

४४. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्न स्वास्थ्य बिमा कार्यक्रमको व्यापक प्रचारप्रसार गरि जनताको घरदैलोसम्म पुऱ्याईनेछ ।

४५. नगर क्षेत्र भित्र सञ्चालित स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार क्रमश : सुधार गदै लैजाने एवं पर्याप्त औषधी तथा उपकरण व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४६. "स्वस्थ चामुण्डाविन्द्रासैनी, समृद्ध चामुण्डाविन्द्रासैनी" बनाउन बिभिन्न अभियानहरु सञ्चालन गरिने छ ।

४७. ध्यान र योगको माध्यमबाट स्वास्थ्य शिविर सञ्चालन, सकरात्मक सोच र व्यक्तित्व विकास गर्न विभिन्न जनचेतनामूलक कार्यक्रम तथा प्रशिक्षण सञ्चालन गरिनेछ । साथै योगशाला निर्माणको लागि पहल गरिने छ ।

४८. महिला स्वास्थ्य स्वयम्सेवीकाहरुलाई प्रोत्साहित गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ र दीर्घकालीन सेवाका लागि सम्मानजनक बिदाइ गर्न विशेष योजना ल्याइनेछ ।

४९. आर्थिक अवस्था न्यून भएका दीर्घ रोगीहरुलाई स्वास्थ्य सेवा सुलभताका लागि स्वास्थ्य बिमा गरिदिने व्यवस्था मिलाइनेछ  र नेपाल सरकारले निर्धाण गरेको मापदण्ड अनुसार आवश्यक रकम उपलब्ध गराइने छ ।

५०. लागुऔषध दुर्व्यसन नियन्त्रण र न्युनीकरण गर्न विभिन्न प्रवर्द्धनात्मक एंव नियन्त्रणमूलक क्रियाकलापहरु सञ्चालन गर्ने र कुलतबाट किशोर किशोरीहरुलाई बचाउन "विद्यालयमा साथी शिक्षा कार्यक्रम" सञ्चालन गरिने छ तथा स्वास्थ्य संस्थाहरुलाई किशोरकिशोरीमैत्री बनाइनेछ ।

५१. आमा सुरक्षा कार्यक्रमलाई थप व्यवस्थित बनाउदै लगिनेछ, नगरस्तरीय सुरक्षित मातृत्व आकस्मिक कोषको स्थापना गरिनेछ ।

५२. मानसिक स्वास्थ्यको समस्या परेकाहरुलाई दक्ष जनशक्ति तयार गरि आवश्यकता अनुसार उपचारको व्यवस्था गरिने छ ।

५३. यस पालिकामा  जनताको स्वास्थ्य सुरक्षा गर्ने कार्यलाई उच्च प्राथमिकता दिइने छ । यस पाालिकाको स्वास्थ्य कार्यक्रम बनाउदा स्वास्थ्यका उपचारात्मक, प्रतिकारात्मक, पुनर्स्थापनात्मक र प्रवर्द्धनात्मक सबै क्षेत्रलाई उच्च प्राथमिकता दिईने छ ।

५४. विश्व स्वास्थ्य संगठनले सिफारिस गरे अनुसार यस पालिकामा आगामी आ.व.मा कम्तिमा १० प्रतिशत बजेट विनियोजन गरिने छ । साथै विश्व स्यास्थ्य संगठनले भने अनुसार स्वास्थ्यका छ वटै आधारभूत क्षेत्रलाई विशेष ध्यान दिइने छ ।

५५. कोभिड–१९को महामारी विरुद्ध स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाइने छ । कोभिड–१९ को अन्त्य भए पछि पनि आउन सक्ने अन्य महामारीहरुको विरुद्ध स्वास्थ्य क्षेत्रको विपद् व्यवस्थापन योजना बनाइ प्रभावकारी रुपमा लागु गरिने छ ।

५६. यस पालिकाको स्वास्थ्यको कार्यक्रम बनाउदा महिला, गरिब, दलित,  भौगोलिक रुपमा पछाडी परेका क्षेत्रका समुदाय, ज्येष्ठ नागरिक र अपांगहरुको स्वास्थ्य रक्षा गर्ने कार्यलाई उच्च प्राथमिकता दिइने छ ।

५७. स्वास्थ्यकर्मीहरुको क्षमता विकास र वृत्ति विकास गर्ने, व्यक्तिगत सुरक्षाको प्रत्याभूति दिने र उत्प्रेणा बढाउने कार्य गरिने छ भने उनीहरुलाई कार्यक्षेत्रमा आइपर्ने जोखिमका लागि विमाको व्यवस्था गरिने छ ।

५८. पालिकास्तरमा स्वास्थ्य समिति र स्वास्थ्य संस्था स्तरमा व्यवस्थापन तथा सञ्चालन समिति  गठन वा सवलिकरण गरि उनीहरु मार्फत स्वास्थ्य कार्यक्रम र स्वास्थ्य संस्थाहरुको व्यवस्थापन  सुधार गरि गुणस्तरीय स्वास्थ्य सेवालाई सुनिश्चित गरिने  छ ।

५९. पालिका भित्रका हरेक नागरिकलाई आधारभूत स्वास्थ्य सुविधा सुनिश्चत गर्ने कार्यक्रम सञ्चालन गरिने छ । यसको लागि भौगोलिक र जनसांखिक आवश्यकताको आधारमा शहरी स्वास्थ्य  केन्द्र वा समुदायिक स्वास्थ्य इकाइको स्थापना तथा दक्ष जनशक्तिको व्यवस्थापन गरि  सन्न्चालन गरिने छ ।

६०. यस पालिकालाई शून्य मातृ मृत्यू, शून्य बाल मृत्यू, शतप्रतिशत खोप युक्त, शून्य प्रसुति गृह पालिकाको रुपमा विकास गरिने छ । पालिकामा आकस्मिक प्रसुति कोषको व्यवस्था गरिने छ । साथै पालिकामा कोल्डचेनको ब्यवस्थापन गरिने छ । खोप कार्यक्रम स्वास्थ्य क्षेत्रको एक नं. प्रभाती कार्यक्रम हो । जसले बालबालिकाहरुलाई बिभिन्न प्रकारका रोगहरुबाट रोकथाम तथा नियन्त्रणमा मदत गर्दछ । यस कार्यक्रमलाई अझै प्रभावकारीरुपमा संचालनको लागि सम्पूर्ण स्वास्थ्यकर्मीहरुलाई खोप कार्यक्रम संचालनको दिन मा यातायात खर्चको ब्यवस्थापन गरिने ।

६१. महिला स्वास्थ्य स्वयम सेविका, आमा समुह र अन्य स्वास्थ्य स्वयमसेवकहरुको क्षमता विकास गरि मातृशिशु स्वास्थ्य र परिवार नियोजन कार्यक्रम तथा जनस्वास्थ्यका कार्यक्रममा उनीहरुको क्षमताको प्रभावकारी रुपमा उपयोग गरिने छ ।

६२. यस पालिका भित्र स्वास्थ्य क्षेत्रमा कार्यरत सहयोगी संस्थाहरुसग सहकार्य गरि उनीहरुसँग रहेको साधन र श्रोतको अधिकतम परिचालन गरि स्वास्थ्य क्षेत्रमा लगानी विस्तार गरिने छ ।

६३. यस चामुण्डाविन्द्रासैनी नगरपालिकामा महिला, किशोरी र बालबालिकामाहुने कुपोषणको अवस्थामा सुधार ल्याउन वहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ सञ्चालन गरिने छ र यसको लागि आवश्यक साँझेदारी वजेट विनियोजन गरिने छ ।

६४. वहुक्षेत्रीय पोषण योजना अनतरगत पोषणमैत्री स्थानीय शासन अबलम्वन गर्न पोषणमैत्री वार्ड घोषणाका लागि अभियान सञ्चालन गरिने छ । यसको लागि **"एक वडा एक पोषण मैत्री नमुना गाँउ"** अभियान आगामी आर्थिक वर्षबाटै कार्यान्वयन गरिने छ ।

६५. नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको वहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस नगरपालिकाको उच्च प्राथमिकतामा राख्ने छ । सोही अनुरुप आगामी आ.व.०७९/०८० को लागि नेपाल सरकारबाट प्राप्त हुने बजेट र यस नगरपालिकाले विनियोजन गरेको साँझेदारी रकम समेतलाई विषयगत तथा क्षेत्रगत विनियोजन गरिपोषण सुधारको लागि तोकिएको क्रियाकलापमा खर्च गरिने छ ।

६६. वहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि विषयगत शाखा र साँझेदार निकायहरुसँग मिलेर पोषण लक्षित र संवेदनशिल क्रियाकलापहरु सञ्चालन गरिने छ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तै : बाल पोषण अनुदान, खोप कार्यक्रम, बालमैत्री स्थानीय शासन आदिमा समेत वहुक्षेत्रीय पोषण योजनालाई समावेश गर्दै लगिने छ ।

६७. नगरपालिकाको पोषण सम्वन्धी सुचना, तथ्यांकहरुको कमी भएको कुरालाई महशुस गर्दै नगरपालिकामा पोषणको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको सहकार्यमा नगरपालिका स्तरीय पोषण पाश्वचित्र (Nutrition Profile) यसै वर्ष भित्र तयार गरने छ ।

६८. समाजमा विद्यमान कुरिती जस्तै : छाउपडी, वालविवाह र छुवाछुत जस्ता संस्कार र बिकृति अन्त्यका लागि ठोस नियम बनाई कार्यान्वयन गरिने छ ।

६९. सवैस्तरमा वहुक्षेत्रीय पोषण योजना तर्जुमा गरि त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन सुशासन र पारदर्शिताको सुनिश्चितता गरिने छ ।

७०. पोषणको अवस्था सुधार गर्नको लागि जंकफुड खाजा बालबालिकाहरुलाई विद्यालयमा रोकावट गरिने छ ।

७१. नगरपालिकाको कार्यलयमा सुरक्षीत स्तनपानका लागि स्तनपान कक्ष सञ्चालन गरिने छ ।

७२. सुत्केरी पोषण स्याहार कार्यक्रम सञ्चालन गरिने छ ।

७३. नगर तथा वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई अझ बढी सक्रिय बनाई पोषण विशेष तथा पोषण सम्वेदनशील कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । साथै विषयगत शाखाहरुको वार्षिक कार्यक्रममा पोषणका क्रियाकलापहरु अनिवार्य रुपमा समावेश गरि विपन्न सुनौलो हजार दिनका आमा, बालबालिका र किशोरीहरुको घरपरिवारलाई पहिलो प्राथमिकता दिइनेछ ।

७४. नगरपालिकामा रहेको पोषण रजिष्टरलाई निरन्तरता दिई पोषण रजिष्टरमा पोषणका गतिविधिहरु सञ्चालन गर्ने र कुपोषणको तथांक संकलन गरि सुनिश्चितता गर्दै, **"एक घर एक करेसावारी"** स्थापनाको नीति अवलम्वन गरिने छ ।

७५. यस नगरपालिकामा सुरक्षित मातृत्व कार्यक्रमलाई वडा वडामा विस्तार गरि मातृशिशु सेवाको पँहुच पुऱ्याउने, उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक सेवा नियमित सुचारु गर्ने, महिला स्वास्थ्य स्यंमसेवीकाको कामको कदर गर्दै प्रोत्साहन भत्ता उपलब्ध गराउने, गरिब तथा विपन्नहरुले प्रत्यक्ष लाभ लिने गरि स्वास्थ्योपचारलाई थप सर्वसुलभ गराईने र विभिन्न समयमा स्वास्थ्य शिविरको आयोजना गरि विशेषज्ञ सेवा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

७६.यस नगरपालिका मै मापदण्ड अनुसारका सेनेटरी प्याड उत्पादन गर्न लगाई स्वरोजगारको व्यवस्था गरिने छ ।

७७. **"राष्ट्रको लागि खेलकुद, स्वास्थ्यको लागि खेलकुद"** भन्ने नारालाई आत्मसात गर्दै नगरस्तरमा विभिन्न खेलकुदका कार्यक्रमहरु आयोजना तथा सञ्चालन गर्न संघीय सरकारबाट तोकिएको राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगीता र नगरपालिकाद्धारा तोकिएको नगर प्रमुख कप खेलकुद प्रतियोगिता संचालन गरिने छ ।

७८. यस नगरपालिकाको अनुदान कार्यविधि २०७४ बमोजिम विभिन्न सरकारी निकायहरुलाई दिइदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ ।

७९. अपाङ्गता भएका व्यक्तिहरुका लागि शैक्षिक तथा खेलकुद, सामाग्री तथा रोजगारमूलक तालिमको व्यवस्था गरिनुका साथै आवश्यकता अनुसार सहायता सामाग्रीको समेत उचित प्रबन्ध मिलाईनेछ ।

८०. बालमैत्री स्थानीय नगर घोषणाका लागि आवश्यक आधारहरु तयार गर्दै लगिनेछ ।

८१. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुसँग सहकार्य गरि गै.स.स. हरुको कामको नियमित अनुगमन र नियमन गरिनेछ

८२. लैंगिक हिंसा तथा घरेलु हिंसा जस्ता विसंगति विरुद्धको अभियानलाई तदारुपताका साथ सञ्चालन गरिने छ ।

८३. योजना तर्जुमा र कार्यान्वयनमा महिलाको सहभागिता र लाभ सुनिश्चीत गर्नका लागि लैङ्गिक उत्तरदायी बजेट (GRB) को अवधारणा अनुसार महिलाहरुको क्षमता अभिवृद्धि हुने, सहभागिता हुने, रोजगारी अभिवृद्धि हुने र महिलाहरुको परम्परागत कार्यबोझमा कमी ल्याउने व्यवस्था मिलाईनेछ ।

८४. विभिन्न योजना तथा कार्यक्रम कार्यान्वयनमा दिगो विकास लक्ष्य स्थानीयकरण (SDG Localization ) को नीति अबलम्बन गरिनेछ ।

८५. यस नगरपालिकालाई कार्यक्षेत्र बनाई कार्यरत संचार जगतलाई आर्थिक सहयोग गर्ने नीति लिईनेछ ।सार्वजनिक शौचालय निर्माण, सञ्चालन तथा व्यवस्थापन निर्देशिका कार्यान्वयनमा ल्याईनेछ ।

८६. जल उपयोग गुरुयोजना तयार गरि नागरिकहरुलाई स्वच्छ खानेपानी उपलब्ध गराउन आश्यक पहल गरिने छ ।

८७. विद्यार्थी संख्या तथा विषयको आधारमा नगर क्षेत्रका सामुदायिक विद्यालयहरुमा कार्यविधि बमोजिम दरबन्दी सृजना तथा मिलान गरिनेछ ।

८८. प्राविधिक विषय अध्ययन गरिरहेका गरिब, जेहेन्दार तथा अन्य आधारमा पिडित रहेका विद्यार्थीलाई कोष स्थापना गरि छात्रवृतिको व्यवस्था गरिनेछ ।

८९. प्राविधिक शिक्षालय स्थापना र सञ्चालन कार्यक्रम अगाडि बढाईनेछ ।

९०. शिक्षा क्षेत्रलाई गुणस्तरीय वनाउन र शिक्षा क्षेत्रका जटिलता हटाउन शिक्षासँग सम्बन्धित शिक्षा ऐन, नियमावली, कार्यविधि तथा निर्देशिका निर्माण गरि शिक्षा क्षेत्र तथा शिक्षक व्यवस्थापनलाई व्यवस्थित गरिने छ ।

९१. विद्यालय जाने उमेर समुहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता गरिनेछ ।

९२. आधारभूत तहसम्म अध्यनरत सबै बालबालिकाहरुलाई अनिवार्य तथा निःशुल्क शिक्षा उपलब्ध गराउने राष्ट्रिय नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

९३. शिक्षकको पेशागत दक्षता विकास गर्न तथा शिक्षाको गुणस्तरमा सुधार ल्याउनका लागि शिक्षकको पेशागत क्षमता विकासमा जोड दिइनेछ । साथै विषयगत शिक्षक तालिम (अंग्रेजी, गणित र विज्ञान) आयोजना तथा सञ्चालन गरिने छ ।

९४. हालको नविनतम प्रविधिको विकासको परिवेशलाई आत्मासात गर्दै सबै विद्यालयहरुमा सूचना प्रविधि मैत्री अध्ययन अध्यापनलाई प्राथमिकता दिइनेछ ।

९५. भौतिक पूर्वाधारको अभाव भएका विद्यालयहरुको आवश्यक भौतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ र साथै सोही आधारमा अन्य अनुदानहरु वितरण गरिने छ ।

९६. विद्यालय स्तरको परीक्षा तथा मुल्याङ्कनलाई स्तरीय बनाउनका लागि परीक्षा प्रणालीलई व्यवस्थीत र मर्यादित बनाइनेछ ।

९७. विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी प्र. अ., वि व्य. अध्यक्ष तथा बालविकासकेन्द्र व्यवस्थापन समिति अध्यक्षहरुका लागि क्षमता विकास तालिमको आयोजना तथा सञ्चालन गरिने छ ।

९८. नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुको पठनपाठन, अतिरिक्त क्रियाकलाप सञ्चालन, परीक्षा व्यवस्थापन र अन्य सम्बन्धित क्रियाकलापहरु समेटेर नगरपालिकाको शैक्षिक क्यालेण्डर निर्माण गरिनेछ ।

९९. सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बालविकास कक्षा देखी कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुलाई उनीहरुको शारीरिक तथा मानसिक विकासका लागि तोकिएको पौष्टिक तत्वहरुको मात्रा रहने गरि दिवाखाजा कार्यक्रमको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१००. सामुदायिक विद्यालयहरुमा अध्ययनरत किशोरी छात्राहरुलाई महिनावारीका समयमा प्रयोग गर्न स्यानिटरी प्याड निशुल्क रुपमा उपलव्ध गराइने छ ।

१०१. प्रत्येक वडामा एक/एक वटा नमुना विद्यालयको निर्माण तथा नगर भित्र रहेका सबै शिक्षण संस्थाहरुको गुणस्तरमा विकास ल्याई आगामी दश वर्ष भित्र निजी विद्यालयप्रतिको आकर्षण यहाँका नगरबासीको मानसपटलबाट स्वस्फुर्त ढंगबाट हटाउन लिएको नीतिलाई निरन्तरता दिइने छ ।

१०२. यस नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण तथा अभिभावक शिक्षामाला निर्माण कार्य सम्पन्न भई सकेकोले सो पाठ्यक्रम यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि कक्षा ८ सम्म क्रमशः लागु गरिने छ । साथै अभिभावक शिक्षामाला पनि लागु गरिने छ ।

१०३. माध्यमिक तह सञ्चालन भएका विद्यालयमा अनिवार्य रुपमा व्यवसायीक तथा प्राविधिक शिक्षा सञ्चालन तथा व्यवस्थापनको शिक्षाको नीति अपाईने छ ।

१०४. यस नगरपालिकमा रहेको एक मात्र चामुण्डा कलेज चामुण्डालाई बहुमुखी क्याम्पस बनाउने नीतिलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिईने छ ।

१०५. यस नगरपालिकामा रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारको लागि सरोकारवालाहरुलाई जवाफदेही बनाउने तथा उत्कृष्ट सिकाई उपलव्धी हासिल गर्ने विद्यालयहरुलाई प्रोत्साहन र कमजोर सिकाई उपलव्धी भएका विद्यालयहरुलाई मूल्यांकनको आधारमा शैक्षिक गुणस्तर वृद्धि गर्न उत्प्रेरित गरिने छ

१०६. प्रत्येक विद्यालयलाई अपाङ्गमैत्री, छात्रा मैत्री विद्यालय, भौतिक पुर्वाधार सम्पन्न, खानेपानी र शौचालयको उचित व्यवस्थाका साथै लैंगिक तथा अन्य कुनै पनि किसिमका भेदभाव रहित विद्यालय बनाईने छ ।

१०७. दलित, महिला, जनजाती, अपाङ्ग तथा आर्थिक रुपले पछाडि परेका समुदायबाट प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् उच्च शिक्षा अध्ययनको लागि यस नगरपालिकाबाट उत्कृष्ट विद्यार्थीको छनौट

गरि विभिन्न प्रकारका प्राविधिक तर्फको उच्च शिक्षा अध्ययनको लागि नगर प्रमुख छात्रवृति कार्यक्रम मार्फत छात्रवृति उपलब्ध गराइने छ।

१०८. यस नगरपालिकामा रहेको निरक्षरता लाई शून्यमा झार्ने लक्ष्य राखि साक्षर नगरपालिकाको रुपमा विकसित गर्ने योजनालाई उच्च प्राथमिकता दिईने छ।

१०९. यस नगरपालिकामा सञ्चालित विद्यालय सरसफाई कार्यक्रमलाई निरन्तरता दिईने छ।

११०. संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरि बहुप्राविधिक शिक्षालयको पूर्वाधार तयार गर्न संभाव्यता अध्ययन गरिने छ।

१११. यस नगरपालिकाबाट दिदै आएको शिक्षण सहयोग अनुदान (बालविकास देखि कक्षा दश सम्म) लाई निरन्तरता दिई र सो अनुदान कार्यरत बालविकास सहजकर्ता र शिक्षकहरुको तलबभत्ता वृद्धिमा गरिने छ ।

११२. यस नगरपालिकाद्धारा स्थापित प्रारम्भिक बालविकास केन्द्रहरुलाई मसलन्द तथा सिकाई सामग्री व्यवस्थापनका लागि अनुदान वितरण गरिने छ।

११३. एभरेष्ट क्लब अन्तर्गतको **"सिकाइ कहिल्यै रोकिदैन परियोजना"** को साझेदारीमा नगर बाल अनुदान कार्यविधि निर्माण गरि नगर बाल अनुदान कोष स्थापना तथा सञ्चालन गरिने छ।

११४. विभिन्न विपद्का कारण सामुदायिक विद्यालयहरुमा हुने क्षतिलाई व्यवस्थापन तथा न्यूनिकरण गर्न विद्यालय विपद् व्यवस्थापन अनुदानलाई निरन्तरता दिईने छ।

११५. यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक सिकाई केन्द्रलाई साक्षरता विकास तथा निरन्तर शिक्षा सञ्चालनका लागि व्यवस्थित गरिने ।

११६. यस नगरपालिका अन्तर्गत क्रियाशिल विभिन्न शिक्षा सम्बन्धी काम गर्ने सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय तथा सहकार्य गरि शैक्षिक गुणस्तर सुधारका लागि पहल गरिने छ।

११७. यस नगरपालिका अन्तर्गत जेष्ठ नागरिक, बुद्धिजीवि, कलाकार, कालिगड, किसान, मजदुर, ऐतिहासिक व्यक्तित्व र जहेन्दार विद्यार्थीलाई सुरक्षा, सम्मान र सहयोगको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ।

११८. बेसहारा तथा अभिभावक विहिन बालबालिकाको जीवन रक्षाको लागि सहयोग गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।

११९. सामाजिक परिचालन कार्यक्रम र वडा कार्यालय, स्वास्थ्य चौकी र वर्थिङ सेन्टर सरसफाई कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ।

१२०. नेपाल सरकार र कर्णाली प्रदेश सरकारको समन्वयमा जनता आवास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ। यस नगरपालिकालाई खरका छानामुक्त नगरपालिका घोषणा गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ।

१२१. पञ्चकोशी क्षेत्रमा पर्ने श्री चरण पादुका स्थानमा अतिथिको सत्कार तथा सम्मानका लागि र अन्य महत्वपूर्ण कार्यमा समेत मद्दत पुग्ने उद्देश्य अक्षय कोष स्थापना कार्यलाई निरन्तरता दिइने छ।

१२२. दुल्लु नगपालिका र चामुण्डाविन्द्रासैनी नगरपालिका बीच आ.व.०७७/०७८ मा भगिनी सम्वन्ध कायम गर्न द्धिपक्षीय सम्झौता भई सकेको छ र यसै गरि अन्य पालिकाहरुसँग पनि यो सम्बन्ध विस्तार गर्ने नीति अवलम्बन गरिने छ।

१२३. **"एक युवा एक काम"** भन्ने मुल नारा बमोजिम वेरोजगार युवा युवतीहरुलाई यसै नगरपालिका भित्र रोजगारमूलक अवसरको सृजना गर्न विभिन्न सीपमूलक लामो तथा छोटा प्रकारका तालिम प्रदान गरि नगरपालिकाले अनुदानको समेत व्यवस्था गर्ने वातावरण यथासिघ्र अघि बढाईनेछ।

१२४. यस नगरपालिकालाई बाल विवाह रहित, महिला हिंसा रहित, छाउपडी प्रथाको उन्मुलन, घरेलु हिंसा मुक्त, मानव अधिकारको ग्यारेन्टी, छुवाछुतको अन्त्य, जातीय भेदभावमुक्त जस्ता सामाजिक कुप्रथाको उन्मुलन गरि समानतामा आधारित नगरपालिकाको रुपमा स्थापित गर्ने कार्यलाई विशेष रुपले अघि बढाइनेछ।

१२५. यस नगरपालिकाबाट सञ्चालन गरिने पूर्वाधार जन्य योजनाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमसँग साँझेदारी गरि थप रोजगारीको अवसर सृजना गरिने छ।

१२६. नगरपालिकामा रहेका वेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन गरि सुचिकृत गरिने छ र नगरपालिका भित्र सञ्चालन हुने आयोजनाहरुमा कामदार परिचालन गर्दा सार्वजनीक खरिद नियमावलीको दशौ शंशोधनमा भएको व्यवस्था अनुसार निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई योजना सम्झौता गर्दा नै सूचिकृत कामदारलाई प्रयोग गर्नु पर्ने शर्त उल्लेख गरियोजना सम्झौता गरिने व्यवस्था मिलाइने छ ।

१२७. नगरपालिकाको हरेक वडामा रोजगारमुलक आयोजनाहरुको नक्शांकन गरि नगरपालिकाको योजना वैंकमा समावेश गरिने छ र योजना वैंकमा समावेश भएका योजनाहरुबट नै आ.व. सञ्चालन हुने योजना छनौट गरिने छ।

१२८. बैदेशिक रोजगारीबाट फर्केका तथा भिषा स्वीकृत भै जान नपाएका बेरोजगार युबाहरुलाई रोजगार सेवा केन्द्रमा सूचीकृत गरि रोजगारीका अबसरहरुमा प्राथमिकता दिइने छ।

१२९. नगरपालिकाका बिभिन्न शाखाहरुको समन्वयमा रोजगारीका अबसर श्रृजनाका लागि एकीकृत प्रयास गरिश्रोत परिचालनमा बृद्धि गर्ने ।

१३०. स्थानीय स्तरमा रोजगारीका थप अबसरहरु सृर्जना हुन सक्ने प्राविधिक तथा ब्यावसायिक तालिम सञ्चालन गरि ब्यावसाय सञ्चालन गर्न प्राविधिक सहायता प्रदान गर्ने र ब्यावसाय शुरु गरेका ब्यक्तिहरुका लागि अनुदानको ब्यवस्था गरिने छ।

१३१. प्रभावकारी रुपमा कार्य सम्पादनका लागि रोजगार सेवा केन्द्रलाई थप जनशक्ति तथा साधन स्रोत र अन्य व्यवस्था सहित सबलीकरण गरिने छ।

## पूर्वाधार विकास तर्फ

## स्थानीय सडक, पुल तथा झोलुंगेपुल, सिंचाइ, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) र संचारको क्षेत्रमा लिइने मुख्य नीतिहरु ।

### पूर्वाधार विकास

१. नगरको गुरुयोजना आवधिक योजना तर्जुमा गरिने छ । वातावरणिय प्रभाव मुल्याङ्कनमा र DPR मा आधारित रही पूर्वाधार निर्माणको क्षेत्रमा गुणस्तरीयता कायम गरिने छ ।

२. निर्माण क्षेत्र लाई व्यवस्थित र पारदर्शि बनाउन अनुगमन र मूल्याङ्कन प्रणालीलाई थप सुधार गरिनेछ ।

३. नगर क्षेत्रको समानुपातिक पूर्वाधार विकासमा जोड दिईने छ ।

४. साङ्गेतडा राँगाजुझा सडक खण्डलाई नगर गौरवको आयोजना घोषणा गरी, बडाला, बुडेली, बुडेली सिमसेर तथा चाल्ने तिजडाँडा, गाबुगौंडाको सडक खण्डलाई यसै वर्ष स्तरोन्नती गरियातायात सेवालाई भरपर्दो र प्रभावकारी बनाईने छ ।

५. पूर्वाधारको पनि पूर्वाधार सडक यातायात भन्ने नारा लिई नगर सडक गुरुयोजना भित्र रहेर वातावरणिय प्रभाव मूल्याङ्कन समेतको आधारमा ९ वटै वडामा बाह्रैमास निरन्तर चल्ने सडक निर्माण गरिनेछ ।

६. यसै आ.ब. बाट नगरको प्रशासकीय भवन निर्माणको काम थालवि गरिनेछ । जसको निमित्त आवश्यक पर्ने जग्गाको प्राप्तिको प्रक्रिया अगाडी बढाईनेछ ।

७. नौ वटै वडा कार्यालयमा भवनहरुको निर्माण कार्य यसै आ.ब. मा सम्पन्न गरिआफ्नै भवनबाट सेवा उपलव्ध गराईनेछ ।

८. एक वडा एक उद्यान/पार्क निर्माणको नितिलाई लागु गरिनेछ ।

९. वडा नं. ५ स्थित रामघाट खोलामा छिमेकी पालिका जोडिने ठाँटिकाँधको लकान्द्र जोडन DPR भई सकेको मोटरेवल पुल निर्माणको कार्यलाई तदारुकताकासाथ अघि बढाईने छ ।

१०. नगनर बस सेवालाई विस्तथार गरिनगर भित्र ९ वटै वडा र छिमेकी पालिका दुल्लु र भैरवी सम्म समेत नगर बस सेवा विस्तार गरि यातायातको सुविधा उपलव्ध गराईने छ ।

११. हरेक वडामा एक/एक वटा सामुदायिक भवन निर्माण गरि विभिन्न सभा समारोहको निम्ती सभाहलको आवश्यकता परिपुर्ति गरिनेछ ।

१२. ९ वटै वडाका सुक्खा क्षेत्रहरुमा आकोसे पानि संकलनको निम्ति विशाल जलाशय (रिचार्ज पोखरी) निर्माण गरि प्रयावरणीय सुरक्षा प्रदान गरिने छ ।

१३. वडा नं. ६ को लैनचौर क्षेत्रमा औधोगिक ग्राम स्थापनार्थ आवश्इक पहल तदारुकताका ासथ अघि बढाई उद्योग पूर्वाधारको जग बसालिनेछ ।

१४. स्थानीय सडकहरुको लागत कट्टाको काम अघि बढाइ सडक किनाराका बस्तीहरुलाई प्रचलित मापदण्ड अनुसार व्यवस्थित र आधुनिकिकरण गरिनेछ ।

१५. आगामी ३ वर्ष भित्रमा सम्पूर्ण नगर भरी स्वच्छ सफा पिउने पानिको सहज सुविधा उपलव्ध गराउन एक घर एक धारा निति लिई मजुवा खानेपानि योजनालाई व्यवस्थित र पारदर्शी बनाई डौसुर सम्मका लक्षित उपभोक्ताहरुलाई नियमित पानि उपलव्ध हुने प्रवन्ध मिलाईनेछ ।

१६. स्थानिय आवश्यकता र औचित्यताको आधारमा सोलार तथा विजुलीबाट लिफ्टिङ प्रणाली मार्फत खानेपानी र सिचाई सुविधा उपलव्ध गराउन अध्ययन गरिआवश्यक प्रक्रिया अघि बढाईने छ ।

१७. नौ वटै वटा र नगर सदरमुकाम वरपर उपयूक्त स्थानहरुको पहिचान र छनौट गरिगाडि पार्कीङ स्थलहरु तथा खुल्ला क्षेत्र र खेल मैदानको निम्ती आवश्यक प्रवन्ध मिलाईनेछ ।

१८. वडा नं. ३ र ५ को विचमा पर्ने खेतगाड खोला र रामघाट खोलाको दोभान स्थित साँटेथानमा जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन गरिआवश्यक प्रक्रिया अघि बढाईने छ ।

१९. नगर क्षेत्र भरीका पानीका सम्पूर्ण मुहानहरुको संरक्षणको निम्ती एकिकृत गुरुयोजना बनाई आवश्यक प्रवन्ध मिलाईनेछ ।

२०. नगरबासी नागरिकहरुको सुरक्षित आवासको मिम्ति अति विपन्न घर परिवारहरुलाई नगर प्रमुख आवास निति बनाई विशेष अनुदान सहित आवासको व्यवस्था गरिनेछ ।

२१. खरको छाना मुक्त राष्ट्रिय अभियानलाई प्रभावकारी ढंगले अघि बढाउन आवश्यक सहयोग रसमन्वय गरिनेछ ।

२२. आगामि एक वर्ष भित्रमै सम्पूर्ण नगरवासी नागरिकहरुलाई विद्युत सेवाको पहुँचमा पुऱ्याइने छ । दुर्गम र एकल घरबस्ती भएका स्थानहरुमा बैकल्पिक उर्जाको व्यवस्था गरिनेछ ।

२३.हरेक घर परिवारहरुलाई वैकल्पिक उर्जाको पहुँचमा पुग्न आवश्यक सहजीकरण गर्दै यथाशक्य आधुनिक चुलो र गोबर ग्याँस प्लान्ट उपलव्ध गराईनेछ ।

२४. रामगाड, पादुका तथा खेतगाड खोलाको पानी आवश्यकता अनुसार लिफ्ट प्रविधि मार्फत नजिकैको खेतीयोग्य जमिनमा सिचाइको लागि प्रयोग गर्न आवश्यक पहल गरिनेछ ।

२५. नगर गौरवका योजनाहरु प्रथामिकीकरण गरि कार्यान्वयन गरिने छ । ठूला तथा रणनैतिक महत्वका पूर्वाधार निर्माण तथा औद्योगिक विकासको लागि सार्वजनिक निजी साझेदारी नीति लिइने छ ।

२६. नगरपालिकाको सम्वृद्धिको लागि गरिने विकास निर्माण कार्यलाई प्रभावकारी, पारदर्शी, व्यवहारिक तथा न्यायोचित बनाउन नगरपालिकाको योजना बैंक र आवधिक योजना तयार गरिने छ ।

२७. नगर गौरव मार्गको रुपमा स्थापना गरिएको सांगेताडा पाल्त सडकलाई बिस्तार तथा स्तरोन्नती गरिने छ र नगरका सबै सडकहरुलाई स्तरोन्नती गर्दै लगिने छ ।

२८. अपाङ्गता मैत्री संरचनाहरुको विकास गर्दै लगिने छ ।

२९. नगरपालिकाको कार्यालय तथा मुख्य राजमार्गहरुवाट वडा कार्यालय, स्वास्थ्य संस्थाको केन्द्रसम्म जोड्ने सडकहरुलाई बाह्रै महिना सञ्चालन हुने गरि सडकको मापदण्ड भित्र रहि सडक स्तरोन्नती गर्ने, उक्त सडक निर्माण कार्य उपभोक्ता समित वा उपभोक्ताहरु मार्फत गर्दा हेभी इक्युमेन्टहरुको प्रयोग नगरि प्रत्यक्ष उपभोक्ताहरुलाई लाभ हुने गरि रोजगारमूलक, जैबिकमैत्री हरियाली आयमूलक कार्यहरु गर्ने गरि सञ्चालन गरिने छ ।

३०. नगरपालिका भित्र निर्माण गरिने सडकहरुको न्यूनतम सडक मापदण्ड पुरा गरि नयाँ निर्माणभन्दा सडक मर्मत सम्भार तथा स्तरोन्नतीको काम गरि मापदण्ड पुरा भएका सडकहरुको दाँया बाँया वृक्षारोपण तथा वायोइन्जिनियरिङ्गको काम गरिने छ ।

३१.यस नगरपालिकामा अन्य पूर्वाधार विकास निर्माण कार्यक्रमहरु सञ्चालन गर्नको लागि विगतका नीतिलाई निरन्तरता दिईने छ ।

३२.यस नगरपालिकाका सबै वडाहरुलाई छुने गरि सांगेतडा देखि तिजडाँडासम्मको सडक मर्मत गरि नियमित नगरबस सेवा सञ्चालन गरिनेछ । साथै यस नगरपालिका र दुल्लू नगरपालिकाको बीच भगिनी सम्बन्ध कायम भइसकेकोले सो नगरपालिकासँग आवश्यक समझदारी गरि जम्बुकाँध देखि दुल्लूसम्म नगरबस सेवालाई बिस्तार गरिने छ ।

३३.ग्रामीण सामुदायिक विद्युतीकरण साझेदारी कार्यक्रमलाई उच्च प्राथमिकताका साथ अघि बढाइने छ र माथिल्लो कर्णाली जलविद्युत आयोजनाको प्रभावित क्षेत्रका (यस नगरपालिकाको वडा नं. १ देखि ९ सम्ममा) प्रभावित नागरिकहरुको रोजगारीको ग्यारेण्टी गर्नका लागि आयोजनासँग पहल गर्ने । साथै हाइड्रो तथा विद्युत सम्बन्धी तालिमको व्यवस्थापन गर्ने कार्य गरिनेछ ।

३४. नेपाल सरकार र कर्णाली प्रदेश सरकारको समन्वयमा सामुदायिक भवन बनाउने नीति अवलम्बन गरिने छ ।

३५. यस नगरपालिका अन्तर्गत सडकहरु : कर्णाली राजमार्ग, पुष्पलाल मध्यपहाडि लोकमार्ग, साँगेतडा पाल्त सडक तथा अन्य सहायक सडकहरुको लगत कट्टाको लागि सम्बन्धित निकायसँग पहल गरिने छ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ**

**वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण तथा जलवायू परिवर्तन, फोहोरमैला तथा ढल व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण तथा विपद व्यवस्थापन तर्फ आ.व.०७९/०८० मा अवलम्वन गरिने प्रमुख नीति तथा कार्यक्रमहरु ।**

१. सार्वजनिक, ऐलानी तथा प्रति जग्गाहरुमा वृक्षारोपण अभियान सञ्चालन गरिनेछ ।
२. सामुदायिक वन समितिहरुलाई स्थानीय सरकारको करको दायरामा ल्याइनेछ ।
३. नगरको निश्चित ठाउँमा वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा ल्याण्डफिल्ड साइटको व्यवस्था गरि नियमित सरसफाइ गरि फोहोर व्यवस्थापन गरिनेछ ।
४. प्लास्टिक अन्य फोहोरको उचित व्यवस्थापनको निम्ति बजार सफाइ कामदारको व्यवस्था गरिनेछ ।
५. नगरका मुख्य मुख्य क्षेत्रमा फोहोर फाल्ने कन्टेनरको व्यवस्था मिलाइने छ ।
६. विपद् पछिको उद्दारको निम्ति युवाहरुलाई क्याड्रे तालिमको व्यवस्था गरि स्वयम् सेवक दस्ता गठन गरि परिचालन गरिनेछ ।
७. पादुका श्मसानघाटलाई स्वच्छ सफा र व्यवस्थित गर्न मसानघाट सहयोगी कामदारको व्यवस्था गरिनेछ ।
८. पादुका, गडाजिउला, चिउरुवा, रामगाड आदि खोलाहरुमा तटबन्धनको पहल गरिनेछ ।
९. हरेक सरकारी तथा गैह्र सरकारी कार्यालयहरुको हाताभित्र अनिवार्य गमला राख्ने व्यवस्था मिलाई वातावरणीय स्वच्छताको सन्देश प्रदान गरिनेछ ।
१०. वैंकल्पिक उर्जाको प्रयोगमा जोडदिदै गोबरग्यास प्लान्ट तथा सौर्य उर्जामा विशेष अनुदान र प्रोत्साहन प्रदान गरिनेछ ।
११. विपद् जन्यघटनाहरुको न्यूनीकरणका लागि विपद् प्रतिकार्य योजना तयार भएको छ र यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
१२. विपद् सम्बन्धी सम्पूर्ण समस्याको समाधान गर्न स्थानीय आपतकालिन केन्द्र (LEOC) स्थापना गरि सञ्चालन गरिने छ । विपद् सम्बन्धी तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।
१३. विपद् पूर्व सूचना प्रणाली जडान गरि विपद् जन्य घटनाको पूर्व जानकारी लिने व्यवस्था मिलाइने छ ।
१४. राहत वितरणलाई व्यवस्थित र प्रभावकारी बनाइने छ ।
१५. **“एक जनप्रतिनिधी एक संरक्षित वन कार्यक्रम”** लाई यस आ.व.मा पनि निरन्तरता दिइनेछ ।
१६. यस नगरपालिकामा हुन सक्ने विपद् जन्य घटनाहरुबाट हुन सक्ने क्षतिको आँकलन, बजेट व्यवस्थापन र प्रतिकार्यका लागि जनप्रतिनिधि र स्वयम् सेवक परिचालन गरिने छ ।
१७. बढ्दो जलवायु परिवर्तनको असरका कारण नदीको कटान तथा क्षयीकरणको उच्च जोखिममा रहेका खेतीयोग्य जमिनको संरक्षणका लागि नेपाल सरकार, कर्णाली प्रदेश सरकार र विकास साझेदारहरुसँगको समन्वयमा आवश्यक तटबन्धको व्यवस्था गरिनेछ ।
१८. बढ्दो भौतिक पूर्वाधार निर्माणका कारण वातावरणमा परेको प्रभावलाई न्यूनीकरण गर्नका लागि पूर्वाधार निर्माण गर्नु पुर्व वातावरणीय प्रभाव मूल्यांकनलाई अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ ।
१९. अचानक आइपर्ने विभिन्न प्रकृतिका विपद्‌बाट प्रत्यक्ष प्रभावित, न्यून आय भएका गरिब तथा अति विपन्न परिवारका नागरिकहरुलाई तत्काल उद्धार, राहत वितरण तथा पुनःस्थापित गर्नका लागि स्थापित नगर

स्तरीय विपद् व्यवस्थापन कोषलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

## संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फ

**सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, सुशासन प्रवर्द्धन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन ।**

१. नगरपालिका स्थानीय सरकारले प्रदान गर्न सम्पूर्ण सेवाहरु नागरिक वडापत्र मार्फत सुसूचित र कार्यान्वयन गरिनेछ ।

२. सामाजिक परिचालन कार्याक्रमलाई नियमित गरिनेछ ।

३. नगरपालिकाले हालसालै प्रयोगमा ल्याएको टोल फ्रि नम्बर सर्बसाधारण नागरिकहरुको प्रयोग र पहुँचमा पुर्‍याउन थप पहल गरिनेछ ।

४. योजना निर्माण गर्दा टोल बस्ती स्तरमा पुगेर समाजका सबै तह र तप्कामा रहेका तथा विभिन्न पछाडि परेका नागरिकहरुको समेत सहभागितामा स्थानीय योजना निर्माण प्रक्रिया सञ्चालन गरिनेछ ।

५. दलित, महिला, जनजाति, अपाङ्ग, अल्पसंख्यक तथा पिछडा वर्गको सहभागिता सवै खाले सार्वजनिक सरोकारका विषयहरुमा सुनिश्चित हुने प्रबन्ध मिलाइनेछ ।

६. नगर/स्थानीय सरकारका निर्णयहरु सर्बसाधारण नागरिकको पहँचसम्म सहज हुने गरि सार्वजनिक गर्ने प्रबन्ध मिलाइनेछ ।

७. नगरपालिकाका हरेक गतिविधि तथा क्रियाकलाप पारदर्शि ढंगले सार्वजनिक गर्ने प्रबन्ध गरिनेछ ।

८. वडा तथा नगरपालिका, विभिन्न विषयगत कार्यालयहरुबाट प्रवाह गरिने सेवा छिटोछरितो र हँसमुख तरिकाले प्रदान गरिनेछ । अनावश्यक ढिलासुस्ती भएमा सम्वन्धित निकायबाट सेवाग्राहीलाई क्षतिपुर्ति समेतको व्यवस्था गरिनेछ ।

९. स्थानीय सरकारको आय व्यय विवरण प्रत्येक चौमासिकमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

१०. प्रत्येक चौमासिकमा अनिवार्य सार्वजनिक सुनुवाइको व्यवस्था मिलाइनेछ ।

११. उपभोक्ता समितिहरुलाई प्रभावकारी ढंगले अभिमुखिकरण तालिम प्रदान गरि थप जिम्मेवार र जवाफदेही बनाइनेछ ।

१२. सामाजिक सुरक्षा भत्ता वडा कार्यालयहरुबाटै प्रदान गर्न शाखा रहित बैंकिङ सेवालाई थप सुदृढिकरण गरिनेछ ।

१३. भ्रष्टचार र अनियमिततामा शून्य सहनशिलताको नीति लिइ नागरिकहरुको गुनासो र सुझावको आधारमा नगरको कुनैपनि योजना वा कार्यक्रम माथि छानबिन समिति बनाई स्पष्ट पारिनेछ ।

१४. नागरिकहरुको सुविधाको निम्ति स्थानिय बजार क्षेत्रको बेलाबेलामा अनुगमन गरिमहंगि, मुल्यवृद्धि, ठगी, कालो बजारी, तस्करी आदि विकृतीहरु नियन्त्रण र नियमन गरिनेछ ।

१५. महंगी र कालो बजारीबाट नागरिकहरुलाई जोगाउन र गुणस्तरीय उपभोग्य बस्तुको सेवा प्रदान गर्न नगरका मुख्य मुख्य बजारहरुमा सुपथ मुल्य पसल सञ्चालन गर्ने प्रवन्ध मिलाइनुका साथै खाद्य डिपो सञ्चालन गरिनेछ ।

१६. सेवाग्राहीहरुको चापको आधारमा टोकन प्रणाली तथा Time Card लागु गरिसेवा प्रदान गरिनेछ ।

१७. पंजीकरण लगायतका सेवाहरु थप व्यवस्थित र पारदर्शी बनाईने छ । साथै अनलाईन सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

१८. उपभोक्ता समितिसंग योजनाको सम्झौता वडा कार्यालयहरुबाटै गर्ने व्यवस्था मिलाइ नगरपालिका सम्म धाउनुपर्ने बाध्यता हटाईने छ ।

१९. उपभोक्ता समितिहरुलाई आवश्यक पर्ने मसलन्द, फोटोकपी, आदि सेवा नगरपालिकाबाटै निशुल्क प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

२०. नगरको समग्र लेखा प्रणालीलाई पारदर्शी बनाउन र आवश्यक सुधारको निम्ति एक निष्पक्ष र सशक्त लेखा समिति निर्माण गरि सेवा प्रदान गरिनेछ ।

२१. महिला र पुरुषको समविकासलाई केन्द्रमा राखेर लैंगिक उत्तरदायी बजेट निर्माण गरि योजना तथा कार्यक्रम सञ्चालन गरिने छ ।

२२. योजना परिचाालन गर्दा दोहोरिन नदिन संघ, प्रदेश र स्थानीय तह बीच समन्वयात्मक ढंगले सेवा प्रवाह गर्नुका साथै सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय गरि कार्यक्रम अगाडि बढाइने छ ।

२३. योजना छनौट गर्दा सम्भब भएसम्म स्थानीय स्रोत र श्रममा आधारित परियोजनाहरुलाई प्राथमिकता दिइने छ । श्रम परिचालन गर्दा कमजोर वर्ग लाभान्वित हुने, रोजगारी सिर्जना हुने नीति अबलम्बन गरिने छ । विगतका नगरसभाबाट पारित नीति तथा कार्यक्रमहरुलाई यथासम्भव निरन्तरता दिईनेछ ।

२४. नगरपालिकाको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन आवश्यक ऐन, नियमावली, कार्यविधि र निर्देशिका निर्माण गरि लागु गरिने छ ।

२५. विद्युतीय सरकारको अवधारणा अनुरुप नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमा रहेका सार्वजनिक महत्वका सूचनाहरुलाई वेवसाइटको माध्यमबाट नियमित रुपमा सार्वजनिक गरिनेछ ।

२६. कार्यालयबाट दैनिक रुपमा प्रवाह गरिने सार्वजनिक सेवालाई छिटो छरितो, गुणस्तरयुक्त र प्रभावकारी बनाउन, साथै सूचना संकलन कार्यलाई मितव्ययी र विश्वसनीय बनाउन आधुनिक सफ्टवेयरको प्रयोग गरिनेछ ।

२७. विषयगत समिति र शाखाहरुलाई सम्बन्धित विषय क्षेत्रको विशेषज्ञको सहयोगमा नगर रणनीतिक योजना जस्ता विषय समेटि आवधिक योजना तयार गरिने छ ।

२८. नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन विद्युतीय प्रविधि प्रयोग गरिने छ । सेवा प्रवाहलाई चुस्तदुरुस्त पारदर्शी, प्रभावकारी बनाउन कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गर्ने परिपाटीको विकास गरिने छ ।

२९. नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय स्तरमा न्याय सम्पादन प्रणालीलाई व्यवस्थित गर्न न्यायिक समितिको क्षमता अभिवृद्धि तथा संस्थागत विकास गरिने छ ।

३०. यस नगपालिकाको बजारको वस्तु तथा सेवाको गुणस्तर नियमन गर्न बजार अनुगमन नीतिलाई व्यवस्थित तथा प्रभावकारी बनाइने छ ।

३१. यस नगरपालिका क्षेत्रमा ल्यान्डलाइन टेलिफोन सेवा विस्तारका लागि सम्बन्धित निकायहरुसँग पहल गरिने छ ।

३२. यस नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको मासिक सेवा सुविधा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुसार उपलब्ध गराइने छ ।

३३. यस नगरकार्यपालिकाको कार्यालय, सबै विषयगत शाखा र सबै वडा कार्यालयहरुमा नागरिक बडापत्र टाँस गरि सेवा प्रवाहलाई चुस्तदुरुस्त र प्रभावकारी बनाइने छ ।